अनुसूचि-२०

## सिन्धुपाल्चोक जिल्ला अदालत

### लिलाम वढावढको सूचना

विगो नं.२१/४४

वादी सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे गा.वि.स.वडा नं.७ स्थयायी घर भई हाल काठमाण्डौ जिल्ला तारकेश्वर न.पा. वडा नं.१८ वस्ने शकुन्तला भण्डारी र प्रतिवादी सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे गा.वि.स.वडा नं.७ स्थयायी घर भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं.२० वस्ने निर्दोष तिमल्सिना भएको मानाचामल विगो मुद्दामा काठमाण्डौ जिल्ला अदालतको मिति २०७३/१०/२४ फैसलाले वादीले फिराद परेको मिति देखि अंश प्राप्त नभए सम्म मासिक रु.१२,०००/-(बाह्र हजार) भरी पाउने ठहरेको विगो र वादीले प्रतिवादीबाट भरी पाउने विगो वापतमा प्रतिवादी निर्दोष तिमल्सिनाको नाममा दर्ता श्रेस्ता कायम भएको सिन्धुपाल्चोक जिल्ला साविक वाह्रविसे गा.वि.स.वडा नं.७ को कि.नं.८३१ ८३७ ८४१ समेतको जग्गा जेथा देखाई सोहि सम्पत्तिबाट मेरो विगो भराई पाउ भनी वादीको निवेदन परी कारवाही भई प्रतिवादीको उक्त सम्पति मिति २०७६/१२/२६ गते दोस्रो पटक यस अदालतमा डाक लिलाम हुने भएकाले डाक वढावढ गरी डाक लिलाम सकार गर्न चाहने सर्वसाधरण सवैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

१.डाक लिलाम मिति २०७६/१२/२६ गते हुने भएकोले यस अदालतको तहसिल शाखामा दिनको १०.००बजे देखि कार्यालय समय सम्म डाक लिलाममा वोलकवोल गर्न सकिनेछ ।

२. डाक लिलाम तोकिएको दिन सार्वजनिक विदापरे सो को भोलिपल्ट डाक लिलाम हुनेछ ।

३. मुलुकी देवानी कार्यविधी नियमावली २०७५ को नियम ५७ (घ) र (ज) बमोजिम कायम भएको न्युनतम पंचकृते मूल्यबाट डाक बढाबढ गर्नुपर्नेछ ।

४.कायम भएको न्युनतम पञ्चकृति मुल्याङकन बाट डाक वढावढ गर्नु पर्नेछ।

५.डाक लिलामको बखत वोलकवोल गरेको अङ्कको १० प्रतिशतले हुन आउने रकम सोहि दिन दाखिला गर्नु पर्ने छ। बाँकी बोलकवोल रकम डाक लिलाम भएको मितिले ७ दिन भित्र दाखिला गर्नु पर्ने छ ।७ दिन भित्र वाँकी रकम दाखिला नगरे डाक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः डाक लिलामको सूचना प्रकाशन गरिनेछ ।

६.डाक लिलाम वढावढ हुँदा सवैभन्दा वढी अंङ्क वोलकवोल गर्नेलाई डाक सकार गराईनेछ।

७.डाक लिलाम सम्वन्धमा बुझ्नु पर्ने भए यस अदालतको तहशिल शाखामा सम्पर्का राख्नु होला ।

डाक लिलाम हुने जेथाको विवरण यस प्रकार छ

| सि.नं. | जग्गाधनिको नाम | जिल्ला | न.पा./ गा.वि.स. | वडा नं. | कि.नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निर्दोष तिमिल्सिना | सिन्धुपाल्चोक | बाह्रबिसे | ७ | ८३१ | रु. ५०,०००/- प्रति रोपनी |
| २ | ऐ.ऐ. | ऐ.ऐ. | ऐ.ऐ. | ऐ.ऐ. | ८३७ | रु. ५०,०००/- प्रति रोपनी |
| ३ | ऐ.ऐ. | ऐ.ऐ. | ऐ.ऐ. | ऐ.ऐ. | ८४१ | रु. ५,००,०००/- प्रति रोपनी |